Centre for the Study of Labour and Mobility

# नीतिपत्र

डिसेम्बर २०१४ | नं. ६

# एक्लो र निराश : विदेशमा न्याय खोजिरहेका प्रवासी कामदारका लागि सहयोग

बन्दिता सिजापती, सारा पाओलेट्टी, एलेनोर टेलर–निकल्सन र बस्सिना फार्बेनब्लम*

**सारसंक्षेप**

अन्य देशका प्रवासी कामदारहरूलाई जस्तै नेपालले पनि विदेशमा काम गरिरहेका आफ्ना नागरिकको सुरक्षामा ध्यान देओस् भन्ने माग आन्तरिक र अन्तर्राष्ट्रिय स्तरमै भइरहेको छ । विशेष गरी निम्न ज्याला पाउने उद्योगमा काम गरिरहेका प्रवासी कामदारहरू दुर्व्यवहार र शोषणको जोखिममा रहेका हुन्छन् र उनीहरूसँग कानुनी उपचार गर्न सक्ने स्रोत हुँदैन । नेपालले प्रतिक्रिया दिन थालेको त छ तर आपतकालमा देश बाहिर रहेका नागरिकहरूले माग गर्ने सुरक्षाको मात्रा धेरै र जटिल छ अनि थोरैले मात्र सहयोग पाएका नजिरहरू छन् ।

यस नीतिपत्रले नेपाली प्रवासी कामदारलाई विदेशमा काम गर्दा संरक्षण गर्न चालिएका कदमहरू र विशेष गरी उपचारमा पहुँचका बारेमा समीक्षा गरेको छ । कानुनी दाबी गर्ने सम्भावना भएका प्रवासी कामदारहरू बढी मात्रामा नेपाली दूतावासमा भर परेको पत्ता लागेको छ । धेरै दूतावासहरूले यस आवश्यकतालाई सम्बोधन गर्ने प्रयास त गरेका छन् तर उनीहरूको प्रयास कामचलाउ मात्र छ । यस सारसंक्षेपले यस्ता प्रयासलाई अझ विस्तार र सुदृढ बनाउन, आर्थिक र मानव साधनस्रोतले सम्पन्न गर्न, प्रवासी कामदार सम्बन्धी विषयहरूमा दूतावासका कर्मचारीहरूलाई तालिम, स्पष्ट निर्देशिका र प्रक्रियाको विकास गर्न सिफारिस गरेको छ ।**

## परिचय र पृष्ठभूमि

कामका लागि विदेशिनु नेपाली समाजको नियमित प्रक्रिया भएको छ। प्रत्येक दिन १६ सय नेपालीहरू विभिन्न उद्योगहरूमा काम गर्नका लागि मुख्यतया खाडी मुलुकहरूमा गइरहेका छन्।[1] प्रवासी नेपालीहरूले रेमिट्यान्सका माध्यमबाट उल्लेखनीय मात्रामा आर्थिक योगदान गरेका छन्। नेपालको कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत योगदान प्रवासी कामदारहरूबाट छ।[2] मुलुकको निर्यात र दाताबाट औपचारिक रूपमा प्राप्त हुने रकम समेत जोड्दा पनि प्रवासीबाट आर्जित विदेशी मुद्रा बढी हुन्छ।[3]

यति हुँदाहुँदै पनि प्रवासनको मूल्य सामाजिक र व्यक्तिगत रूपमा धेरैले चुकाउनु परेको छ। प्रवासी कामदार त्यसमा पनि कम तलब पाउने उद्योगमा काम गर्नेहरू शोषण खेप्न बाध्य छन्। ज्यादै दुर्व्यवहार भएको, ठूलो चोटपटक लागेको र मृत्युसम्म भएका केही घटनाहरू कामदारहरूले जानकारी गराएका छन्। यस्ता धेरै मुद्दाहरूमा प्रवासी कामदारले गन्तव्य देशको रोजगारदाताको एजेन्टसँग क्षतिपूर्तिका लागि दाबी

1 Not counting India. *The Himalayan Times*, 'Over 1,600 workers leaving daily', July 24, 2013. http://www.thehimalayantimes.com/fullTodays.php?headline=Over+1%E2%80%9A600+workers+leaving+daily&NewsID=384954 [accessed May 1, 2014].

2 The World Bank, Data: Personal Remittances, Received (% of GDP). http://data.worldbank.org/indicator/BX.TRF.PWKR.DT.GD.ZS.

3 The World Bank, *Large-Scale Migration and Remittance in Nepal: Issues, Challenges, and Opportunities* (Washington DC: World Bank Poverty Reduction and Economic Management Sector Unit: South Asia Region, 2011, p. i.)

* बन्दिता सिजापती सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटीकी अनुसन्धान निर्देशक हुन्, सारा पाओलेट्टी ट्रान्सनेसनल लिगल क्लिनिक, युनिभर्सिटी अफ पेन्सिलभानिया, ल स्कुलकी प्राध्यापक र निर्देशक हुन्, एलेनोर टेलर-निकल्सन स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँच परियोजनाकी अनुसन्धान निर्देशक र बस्सिना फार्बेनब्लम ह्युमन राइट्स क्लिनिक र माइग्रेन्ट एन्ड रिफ्युजी राइट्स परियोजना, अस्ट्रेलियन ह्युमन राइट्स सेन्टर, युनिभर्सिटी अफ न्यु साउथ वेल्स ल स्कुलकी वरिष्ठ प्राध्यापक र निर्देशक हुन्।

** यो सारसंक्षेप सन् २०१४ को रिपोर्ट *स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँच: नेपाल*, सारा पाओलेट्टी, एलेनोर टेलर-निकल्सन, बन्दिता सिजापती, बस्सिना फार्बेनब्लम (सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी र ओपन सोसाइटी फाउन्डेसन्स्, काठमाडौं २०१४) बाट लिइएको हो।

यो नीतिपत्र मोहन विष्टद्वारा अनुवाद गरिएको हो।

गरेका छन् र केही घटनाहरूमा मुद्दा लगाउन सकिने आधारहरू पनि रहेका छन् ।

कामदारहरूमाथि विदेशमा हुने दुर्व्यवहार नेपाली जनमानसको चासोको विषयको रूपमा रहेको छ । नेपाल सरकारले पनि विभिन्न तरिकाबाट प्रतिक्रिया दिइरहेको छ । पहिलो, श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयले कामदारहरूका बारेमा खाडी देशका आफ्ना समकक्षीहरूसँग वार्ता गरी दुई पक्षीय सम्झौता र समझदारी गर्न सफल भएका छन् । परराष्ट्र मन्त्रालयले गल्फ कोअपरेसन काउन्सिल (जीसीसी) मा रहेका छवटै देशहरू (बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र युनाइटेड अरब इमिरेट्स) लगायत इजरायलमा पनि दूतावास खोलेको छ ।[४] यस बाहेक सन् २०११ को पछिल्लो कालदेखि केही दूतावासहरूमा राजदूतको अधीनमा रही प्रवासी कामदारहरूका विषयमा काम गर्न श्रम तथा रोजगार मन्त्रालयले श्रम सहचारीको व्यवस्था समेत गरेको छ ।

सरकारको सहयोग बाहेक पनि नेपालीको जनसंख्या ठूलो मात्रामा रहेका धेरै खाडी मुलुकहरूमा गैर सरकारी संस्था र ट्रेड युनियनले प्रवासी कामदारहरूलाई सहयोग पुग्ने खालका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यस्ता केही कार्यक्रमहरू नेपाली गैर सरकारी संस्थाहरू र नेपालको परराष्ट्र मन्त्रालयबीच सहयोग आदानप्रदान अन्तर्गत औपचारिक रूपमा नै सञ्चालित छन् भने नेपालका ट्रेड युनियन र गन्तव्य देशका ट्रेड युनियनबीच पनि सम्झौता भएका छन् ।

यस नीतिपत्रले विदेशमा काम गरिरहेका कामदारहरूलाई दिइएको सहयोगको एक पक्ष – विदेशी क्षेत्राधिकारभित्र न्यायमा पहुँचलाई सम्बोधन गरेको छ । यो मध्यपूर्वमा काम गरिरहेका नेपाली प्रवासी कामदारहरूको न्यायमा पहुँच सम्बन्धी गरिएको विस्तृत अध्ययनमा आधारित छ ।[५] यस अध्ययनको पूर्ण परिणाम र सम्बन्धित सिफारिसहरू *प्रवासी कामदारको न्यायमा पहुँचः नेपाल* भन्ने रिपोर्टमा दिइएको छ ।[६]

४ अप्रिल २०१४ सम्ममा खाडी देशमा रहेका (कुवेत, कतार, सउदी अरेबिया र युनाइटेड अरब इमिरेट्स) नेपाली दूतावासमा श्रम सहचारी रहेका छन् भने सरकारले चाँडै नै बहराइन र ओमानमा श्रम सहचारीको व्यवस्था गर्दैछ ।

५ न्यायलाई कामदारले पाउने उपचार जस्तो खतिमा क्षतिपूर्ति र गर्ने व्यक्तिलाई सजाय लगायत जरिवाना, इजाजत स्वीकृति र कैद आदि सबै सामेल गरेर परिभाषित गरिएको छ ।

६ सारा पाओलेट्टी, एलेनोर टेलर-निकल्सन, बन्दिता सिजापती र बस्सिना फार्बेनब्लम । २०१४ । *प्रवासी कामदारको न्यायमा पहुँचः नेपाल*, काठमाडौंः सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी र ओपन सोसाइटी फाउन्डेसन्स् । यो न्यायमा पहुँच श्रृंखला अन्तर्गतको दोस्रो हो । पहिलो इन्डोनेसिया रहेको थियो ।

## न्यायमा पहुँच अध्ययनको विधि र निष्कर्ष

प्रवासी कामदारको न्यायमा पहुँच अध्ययन सन् २०१२ को मध्यदेखि सन् २०१४ को मध्यसम्म नेपालभरि डेस्क रिसर्च र स्थलगत भ्रमण गरी गरिएको थियो । अनुसन्धानकर्ताहरूले नेपालको वैदेशिक रोजगार नीतिको खाकालाई पुनरावलोकन गर्दै सरकार, नागरिक समाज, युनियन र कामदार पठाउने कम्पनी, परराष्ट्र मन्त्रालय, भूतपूर्व राजदूत र खाडी क्षेत्रमा काम गरिहेका नागरिक समाजका संघसंस्था गरी २० जना प्रतिनिधिहरूसँग अन्तर्वार्ता लिएका थिए । अध्ययनमा कुनै न कुनै किसिमले समस्या भोगेका तीन जिल्लाका ५४ जना प्रवासी कामदारसँग अन्तर्वार्ता र लक्षित समूहसँग छलफल गरिएको थियो । यीमध्ये ४३ जना काम गर्न विदेश गएर फर्केका थिए भने बाँकी भने विभिन्न कारणवश विदेश जान सफल नभएका थिए ।[७]

यी स्रोतहरूले वैदेशिक कामदार र यससँग संलग्न नेपालका वैदेशिक रोजगारीसँग सम्बन्धित संघसंस्थाहरू, क्षतिपूर्ति, अन्य उपचार र विदेशमा न्यायमा पहुँचका विषयमा वैदेशिक कामदारमा भएको चेतना, दृष्टिकोण र अनुभवबारे जानकारी उपलब्ध गराएका थिए ।

## विदेशमा सहयोग सम्बन्धका मुख्य निष्कर्षहरू

**१. प्रवासी नेपाली कामदारहरूले विदेशमा काम गर्दा विभिन्न खालका समस्याहरू भोगेका छन् ।**

अन्तर्वार्ता गरिएका सबै ४३ जना प्रवासी कामदारहरू, जो विदेश गएका थिए उनीहरू कुनै न कुनै किसिमको समस्यामा परेका थिए । यस अध्ययनले सबैभन्दा बढी र साझा रूपमा जानकारीमा आएको समस्यालाई इंगित गरेको छ । उदाहरणका लागि, प्रायः तीनचौथाइ (तलको चित्र १ हेर्नुहोस्) ले भनिएका भन्दा कामको प्रकृति वा अवस्था फरक भएको, रोजगारदाताले कामदारसँग भएको सम्झौता पालन नगरेको – केही मामलामा कामदारको तलब प्रस्थान गर्नुअघि भनिएको भन्दा धेरै नै कम दिइएको वा दिँदै नदिएको, गुनासो गरेमा देश निकाला गर्ने चेतावनी दिइएको जानकारी गराएका छन् । दुईतिहाइको कागजपत्र त्यहाँ पुग्ने बित्तिकै जफत गरिएको थियो भने सात जनाले शारीरिक र मौखिक दुर्व्यवहार भोगेका थिए । यस्तो परिस्थितिमा कामदारलाई नयाँ परिचयपत्र र यात्रा कागजपत्र, काम गरिरहेको देशमा पाउनुपर्ने कानुनी अधिकार र विकल्पहरू

७ यस बाहेक अनुसन्धानकर्ताहरूलाई वैदेशिक रोजगार विभागले हेरेको २०२ वटा मुद्दाहरू र वैदेशिक रोजगार न्यायाधीकरणले हेरेका १२ वटा मुद्दाहरूमा पहुँच दिइएको थियो ।

सम्बन्धमा सल्लाह जस्ता विभिन्न खालका सहयोगको आवश्यकता पर्छ।

२. **उल्लेखनीय संख्याका प्रवासी कामदाहरू विदेशमा समस्या पर्दा दूतावासबारे सचेत छन् र दूतावासको सहायतामा अत्याधिक भर परेको देखिएको छ। तथापि धेरैले प्रस्थान गर्नुपूर्व उपलब्ध गराइनुपर्ने दूतावासको विशिष्ट सेवाहरूको बारे र ती सेवाहरूमा पहुँच कसरी गर्ने भन्ने पर्याप्त जानकारी पाएका हुँदैनन् साथै यी सेवाहरूको सचेतनाका बारेमा लैंगिक अन्तर रहेको देखिएको छ।**

नेपाली दूतावास प्रवासी कामदारहरूबीच सुपरिचत रहेको देखिन्छ। वास्तवमा कामदारहरू नेपालभित्र वा बाहिर जता रहेका भए पनि दूतावास नै आधिकारिक सहयोग गर्ने संयन्त्र हो भन्ने कुरामा सचेत छन्। प्रवासी कामदारहरूको अपेक्षा अति उच्च छ। केही प्रवासी कामदारहरू त दूतावासले कामदारहरूले भोग्ने सबै समस्याको समाधान गर्न सक्छ भन्ने पनि सोच्छन्। सचेतना लिंग अनुसार फरक छ। अध्ययनका क्रममा अन्तर्वार्ता गरिएका नौ जना महिलाहरूले दूतावास रहेको र विदेशमा बस्ने नेपालीलाई यसले सहयोग गर्छ भन्ने कुरा थाहा नभएको बताए। प्रवासी कामदारहरूले दूतावासको उपस्थितिको कुरा विभिन्न स्रोतबाट थाहा पाएका छन्। श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले प्रवासी कामदारका लागि संयुक्त रूपमा पूर्व प्रस्थान अभिमुखीकरण तालिम निर्देशिका जारी गरेको छ र यसमा विदेशमा समस्या पर्दा दूतावास लगायतका सहयोग गर्ने संस्थाका बारेमा जानकारी दिइएको छ। प्रवासी स्रोत केन्द्र (द माइग्रेन्ट रिसोर्स सेन्टर (प्रवर्द्धन बोर्डमा रहेको) ले विभिन्न देशको दूतावासहरूको ठेगाना र सम्पर्क गर्ने जानकारी भएको लिफलेट उपलब्ध गराइरहेको छ।


> "म जानुअघि मेरो साथीले कुनै समस्या परेमा नेपाली दूतावासमा सम्पर्क गर्नु भनेको थियो ..."
> – कतार गएका पूर्व प्रवासी कामदार

यस अध्ययनबाट, दूतावासले गर्ने सहयोगबारे धेरैजसो प्रवासी कामदारहरूले एजेन्ट, साथी वा परिवारको सदस्यहरूबाट थाहा पाएको जानकारीमा आएको छ। यस अध्ययनमा परेका धेरैजसो प्रवासी कामदारहरूले दूतावासको सेवा प्रयोग गरेका थिए। विदेश गएका ४३ जना प्रवासी कामदारमध्ये ३२ जना (करिब ७५ प्रतिशत) ले कुनै न कुनै किसिमको सहयोग दूतावासबाट पाएको जानकारी गराए।

३. **नेपाली कानुनले प्रवासी कामदारहरूको न्यायमा पहुँच सम्बन्धमा दूतावासको भूमिकाका बारेमा परिभाषित गरेको छैन। तर ठाउँ अनुसार विवाद समाधान गर्न श्रम सहचारीले प्रवासी कामदारहरूलाई सहयोग गर्ने जिम्मेवारी भने तोकेको छ।**

नेपालको अहिलेको नियामक र नीतिको खाका अनुसार कन्सुलर सेवाले विदेशमा रहेका नेपाली नागरिक वा विशेष

चित्र १: विदेशमा भोगेका समस्या



गरी प्रवासी कामदारहरूलाई नियमन गरेको छैन । वैदेशिक रोजगार ऐन, २०६४ ले श्रम सहचारीको नयाँ पद सिर्जना गरी काम, कर्तव्य र अधिकार तोकेको छ । यस अन्तर्गत गन्तव्य देशमा श्रम बजार र अवसरका बारेमा अनुसन्धान गरी नेपाल सरकारलाई सल्लाह दिने र प्रवासी कामदारलाई सहयोग गर्ने पर्दछ । प्रवासी कामदार र रोजगारदाता वा एजेन्टबीच “विवाद समाधान गर्न सहयोग गर्ने” र “कामदारलाई परामर्श दिने” (बक्स १ मा हेर्नुहोस्) काम पनि श्रम सहचारीको जिम्मामा छ जसले न्यायको पहुँचमा सहजीकरण गर्ने कामहरूलाई परिभाषित गरेको भने छैन । यद्यपि यसको व्याख्या व्यक्तिगत रूपमा श्रम सहचारी र राजदूतले गरेका छन् । श्रम सहचारी नभएका दूतावासहरूको दायित्व के हुने ? प्रश्न अनुत्तरित छ ।

फलतः दूतावासहरूले आ-आफ्नै किसिमले कामको प्राथमिकता तोकेका छन् । केहीले परराष्ट्र मन्त्रालय अन्तर्गतकै दूतावासको कामको प्राथमिकता ‘आर्थिक कूटनीति’ लाई मान्छन् भने अन्यले प्रवासी कामदारहरूको सुरक्षालाई उच्च प्राथमिकतामा राखेका छन् । विभिन्न दूतावासहरूले दिने सेवामा पनि एकरूपता छैन र यो त्यो देशको परिस्थिति र निश्चित समयमा अगुवाइ गर्ने सरकारी अधिकारीमा निर्भर छ । यस्तै गरी ऐनले पनि दूतावास र काठमाडौंमा रहेको परराष्ट्र मन्त्रालयबीचको संयोजन तथा श्रम सहचारी, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबीचको समन्वयबारेमा व्याख्या गरेको छैन ।

समन्वय भइहालेको खण्डमा पनि यो कामचलाउमा मात्र सीमित छ । यस्तै गरी दूतावास र श्रम सहचारीले विदेशमा रहेका रोजगारदाता र म्यानपावर कम्पनीलाई अनुगमन गर्ने कुरामा पनि स्पष्टता छैन । ऐनले दूतावासले नेपाली कामदारलाई रोजगारी दिन योग्य नभएका रोजगारदाताका बारेमा वैदेशिक रोजगार विभागलाई सूचित गर्न सक्ने र यस्तो सूचनालाई आधार मानेर विभागले पहिले श्रम स्वीकृति दिएको भए पनि खारेज गर्न सक्ने व्यवस्था गरेको छ । यद्यपि ऐनले कामदारहरूलाई गरिने व्यवहारलाई लिएर दूतावासले सूचना संकलन गर्ने, रुजू गर्ने वा रोजगारी दिने संस्थाको प्रतिष्ठाको अनुसन्धान गर्नुपर्ने आवश्यकता महसुस गरेको छैन र यस्ता खालका अनुसन्धान र जानकारी विरलै भएका छन् । यस्तै गरी ऐनले रोजगारदाताले कामदार माग गरेको पत्रलाई दूतावासले प्रमाणित गर्नुपर्ने जिम्मेवारीलाई पनि परिभाषित गरेको छैन । श्रम सहचारीले नेपाली कामदार भर्ना गर्न चाहने रोजगारदाता वा एजेन्सीहरूले पूरा गर्नुपर्ने मापदण्ड, मानक वा प्रक्रियाको लेखाजोखा गर्न सक्ने व्यवस्था श्रम ऐन र नियमावलीले गरेको छैन ।

**बक्स १ः श्रम सहचारीको काम, कर्तव्य र अधिकार**

श्रम सहचारी श्रमसँग सम्बन्धित काम हेर्न श्रम तथा रोजगार मन्त्रालयबाट वैदेशिक नियोगहरूमा खटाइएका प्राविधिक विज्ञहरू हुन् । नेपाली कानुन अनुसार श्रम सहचारीले निम्न बमोजिमका काम गर्नुपर्छः

- नेपाली कामदार रहेका मुलुकको श्रम तथा रोजगारको स्थिति, अध्यागमन सम्बन्धी तथ्यगत जानकारी तथा त्यस देशले श्रम तथा अन्तर्राष्ट्रिय मानव अधिकार तथा कामदारको हित संरक्षणार्थ चालेका कदमबारे नेपाल सरकारलाई जानकारी गराउने,
- कामदार, रोजगारदाता संस्था वा इजाजतपत्रवालाबीच कुनै विवाद उत्पन्न भएमा समस्या समाधान गर्न सहयोग गर्ने,
- वैदेशिक रोजगारको क्रममा अलपत्र अवस्थामा परेका कामदारहरूलाई स्वदेश फिर्ता गर्न गराउन आवश्यक व्यवस्था गर्ने,
- प्राकृतिक विपत्तिमा परेका वा कुनै कारणवश मृत्यु भएका कामदारको मृत शरीर सम्बन्धित मुलुक वा रोजगारदाता संस्थाको सहयोगमा स्वदेश फिर्ता पठाउन पहल गर्ने,
- नेपालबाट कामदार आपूर्ति गर्नका लागि सरकारी स्तरमा द्विपक्षीय सम्झौता गर्न प्रयास गर्ने,
- कामदारलाई आवश्यक परामर्श प्रदान गर्ने र निजलाई सम्झौतामा उल्लिखित कार्य बाहेक अन्य कार्य गर्न निरूत्साहित गर्ने,
- कामदारका लागि असर पार्न सक्ने क्रियाकलापको सुपरीवेक्षण गर्ने ।

*स्रोतः दफा ६८, वैदेशिक रोजगार ऐन २०६४*

**४. दुई पक्षीय श्रम सम्झौताले प्रवासी कामदारहरूको न्यायमा पहुँच तथा उपचारात्मक अनि प्रभावकारी जवाफदेहीको संयन्त्रलाई सम्बोधन गरेको छैन ।**

नेपालले मध्यपूर्वका देशहरू – बहराइन, कतार र युनाइटेड अरब इमिरेट्ससँग अस्थायी श्रम प्रवासन सम्बन्धमा एउटा दुई पक्षीय सम्झौता र दुईवटा समझदारी पत्रमा हस्ताक्षर गर्न सफल भएको छ । तीनवटै दस्तावेजहरू फरक भए तापनि हस्ताक्षर गरेका देशहरूबीच नेपाली कामदार पठाउने र प्राप्त गर्ने सहयोग सम्बन्धी उद्देश्य भने समान छ ।

यी सम्झौताहरू प्रवासी कामदारहरूलाई गरिने व्यवहारमा सुधार गर्न स्पष्ट रूपमा लक्षित छैन । यी तीनमध्ये युएईसँग भएको सम्झौतामा मात्र प्रवासी कामदारको संरक्षणका विषयमा उल्लेख छ । कुनै पनि सम्झौताहरूले नेपाली दूतावास र श्रम

सहचारीको भूमिका बारेमा कल्पना गरेको छैन। न्यायमा पहुँचका सम्बन्धमा, सम्झौताले कामदार र रोजगारदाता वा नेपालको म्यानपावर कम्पनी र रोजगारदाता र गन्तव्यको रोजगार दिने संस्थाबीचमा विवाद भएमा गन्तव्य देशको कानुनको सहायता लिन सक्ने उल्लेख छ । तर यसले निश्चित अधिकार जस्तो कानुनी सल्लाह, कामदारले बुझ्न सक्ने भाषा वा कानुनी कारबाहीका बेला त्यही देशमै बस्न पाउने अधिकारलाई समावेश गरेको छैन ।

यी सम्झौताहरूको व्यवहारमा भएको अभ्यासका बारेमा नेपाली दूतावासका कर्मचारीहरूको अनुभव मिश्रित खालको छ । श्रम मन्त्रालयसँग समझदारी गर्न कतारसँग भएको सम्झौता उपयोगी भएको एक जना पूर्व राजदूतको अनुभव छ। अरूहरूको भने सम्झौता सम्बन्धी ज्ञान र समझदारी कम भएको र त्यसलाई बन्द ढोकाभित्र गरिने र तालिममा समावेश नगरिएको बुझाइ छ। नेपालको मोलभाउ गर्न सक्ने शक्तिमा कमी, ठूलो मात्रामा अनियमित कामदारहरूका (जसलाई यी सम्झौताहरूभन्दा बाहिर ठानिएको) कारण सम्झौतालाई लागू गर्न नसकेको कुरामा भने सबै सहमत छन्।

**५. दूतावासहरूले कानुनी समस्या भएका प्रवासी कामदारहरू–लाई दिएको सेवा तदर्थ मात्र छ। आर्थिक तथा मानव स्रोतमा कमी र कानुनी सीमितताले न्यायमा पहुँच दिनका लागि व्यापक सहयोग गर्न सकेको छैन।**

खास गरी दूतावासहरूले वैधानिक दाबी भएका धेरै प्रवासी कामदारहरूलाई सहयोग गरेका छन् । दूतावासहरूले कामदारहरूलाई गन्तव्य देशको उपयुक्त एजेन्सीमा जानका लागि सिफारिस गर्ने, प्रवासी कामदारहरूका तर्फबाट रोजगारदातासँग वार्ता गर्ने, उदाहरणका लागि कागजपत्र फिर्ता गराउन र कामदारले धान्न सक्ने व्यावसायिक कानुनी सेवाका बारेमा बताइदिने काम पनि गर्दै आएका छन्। प्रवासी कामदारलाई दिइएको सेवाको किसिम र संख्याका बारेमा व्यक्तिगत विवरणमा आधारित यी कुरालाई प्रमाणित गर्ने कुनै पनि आधिकारिक तथ्यांक उपलब्ध छैन।

दूतावासमा उपलब्ध अहिलेको स्रोतलाई हेर्दा यस्तो गर्न सक्ने पनि देखिँदैन । सहयोग खोज्न आएका प्रवासी कामदारहरूको संख्यालाई देख्दा दूतावासका कर्मचारीहरूले आफूलाई अत्यास लागेको बताउँछन् । धेरैजसो दूतावासमा राजदूत, प्रशासकीय कर्मचारी र केही कानुनवेत्ता समेत गरी ६ जनाभन्दा बढी कर्मचारीहरू छैनन् । अझ केही खाडी देशका स्थानीय निकायहरू दूतावासलाई घरेलु कामदार वा आपराधिक अदालतमा गुनासो परेका विवाद र मागहरूमा संलग्न हुन दुरुत्साहित गर्दछन् ।

यसैगरी धेरैजसो समय यात्रा कागजपत्र दिने, दुःख पाएका कामदारलाई फर्काउने, मृत्यु भएका कामदारहको शव फिर्ता पठाउने जस्ता कन्सुलर सम्बन्धी कामहरूमा खर्च भएको कुरा दूतावासका कर्मचारीहरूले बताएका छन् । न्यायमा पहुँच सम्बन्धी सहजीकरणलाई मुख्य काम नतोकिएको उनीहरू बताउँछन् ।

> "कतारको दूतावासले मेरो पासपोर्ट एजेन्टले चोर्दा पुलिसलाई उजुरी गर्न सहयोग गऱ्यो। मुद्दाको समाधान भएपछि उनीहरूले मलाई नयाँ पासपोर्ट बनाइदिए र नेपाल फर्कने टिकट किनिदिए।"

दूतावासका पूर्व कर्मचारीहरू र श्रम सहचारीहरूले प्रवासी कामदारहरूलाई सहयोग गर्नका लागि तालिम पर्याप्त नभएको बताएका छन् । उदाहरणका लागि, प्रवासी कामदारहरूको आवश्यकता, नेपालको कानुनी रूपरेखा र गन्तव्य देशको श्रम वा न्याय संयन्त्रका बारेमा पदीय हिसाबले उनीहरूले सिकेका थिएनन्। त्यसैले उनीहरूले पद सह्मालेको पहिलो महिना ज्यादै कष्टकर रह्यो।

नेपाली नेटवर्क र नागरिक समाज संस्थाहरूले गुनासो दर्ता गर्न, अरेबिक भाषा नबोल्ने प्रवासी कामदारको अनुवाद गर्न र सम्बन्धित सरकारी निकायमा जान साथ दिने जस्ता कामहरूमा सहयोग गरिरहेका छन्। यी व्यक्तिहरूले पनि कानुन सम्बन्धी तालिम पाएका छैनन् र न्यायको पहुँचका लागि गरिने सहयोग व्यावहारिक रूपमा मात्र छ।

**६. नेपाली कामदारले विदेशमा न्याय खोज्दा धेरै खालका बाधाहरूको सामना गर्नुपर्छ र दूतावासले गर्ने सहयोगका बारेमा उनीहरूको मिश्रित खालको अनुभव छ।**

यद्यपि, धेरै प्रवासी कामदारहरूले दूतावासको सहयोग खोजेका भएपनि केहीले सहयोग पाउन सकेनन् । यसको कारण यस्ता थिएः

- दूतावास सम्बन्धी चेतनाको कमी वा दूतावासले दिन सक्ने सेवाका बारेमा अनभिज्ञता,
- दूतावास राजधानीमा हुनु र कामदारहरू देशभरि नै छरिएर रहेकाले दूरीका कारण पहुँच नहुनु,
- दुई खाडी मुलुक (बहराइन र ओमान) मा श्रम सहचारी नहुनु र धेरै महिला कामदार भए तापनि लेबनानमा दूतावास नहुनु,

**बक्स २ः कतारमा न्याय खोज्ने एक प्रवासी कामदारको मुद्दा**

मेरो प्रायोजकसँग ठूलो झगडा भयो । मैले कानुनी उपचार लिएँ । मैले काम गर्न छाडें र दूतावासमा गएँ । मैले मेरो समस्या राजदूतलाई भनें । उहाँले मेरो भिसा हेर्नुभयो र भिसा घरेलु कामदारका लागि मात्र हो भन्नुभयो जुन कुरा मलाई पहिला थाहा थिएन । म आत्तिएँ र रोएँ । उहाँले मलाई कतारी अपराध अनुसन्धान विभाग (सीआईडी) मा सम्पर्क गर्न र उसैले फिर्ता पठाइदिने कुरा गर्नुभयो । मैले उनीहरूले मलाई जेलमा राख्छन् र मुद्दा लगाउँछन् भनें । उहाँले सीआईडीमै सम्पर्क गर्न र पछि आफूले अनुगमन गर्ने कुरा भन्नुभयो । म सीआईडीमा गएँ र उनीहरूले मेरो रोजगारदातालाई मेरो सम्झौता सकिसकेको र उसले मलाई रोकिराख्न नसक्ने चेतावनी दिए । सीआईडीले उसलाई सही बाटोमा नआए कालोसूचीमा राख्ने चेतावनी समेत दिए । दश दिनपछि मलाई रोजगारदाताले टिकट दियो । मलाई निर्वासित गरियो र अब म दुई वर्षसम्म त्यहाँ जान पाउँदिन । यथार्थमा नेपाली दूतावासले मलाई कुनै सहयोग गरेन । मैले कुनै गल्ती गरेको थिइनँ । मलाई न्याय नपाएको जस्तो लागिरहेको छ ।

*प्रवासी कामदारसँगको अन्तर्वार्ता, लक्षित समूह, सिनुरजोडा गाविस, धनुषा २० अगस्ट २०१२*

- दूतावास र काठमाडौंमा रहेको परराष्ट्र मन्त्रालयबीच तथा श्रम सहचारी, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबीच औपचारिक समन्वय नहुनु ।

दूतावास पुगेकाहरूको अनुभव मिश्रित खालको छ । यात्रा गर्न आवश्यक पर्ने कागजात हराएका र नेपाल फर्कन चाहने जस्ता परम्परागत समस्याहरू भएका कामदारहरू दूतावासबाट पाएको सहयोगमा सन्तुष्ट देखिएका छन् ।

तथापि, गन्तव्य देशमा कानुनी सल्लाह र उपचारात्मक सहयोगको आवश्यकता परेका कामदाहरूले भने मिश्रित खालका प्रतिक्रिया दिएका छन् । केहीले दूतावासका कर्मचारीहरूले रोजगारदातासँग वार्ता गर्न सघाएको बताएका छन् भने अरूहरूले भने अर्को एजेन्सीमा जान सिफारिस गरेको बताएका छन् । प्रवासी कामदारहरूको अनुभव दूतावास र उनीहरूले भेटेका कर्मचारीहरूमा धेरै भर परेको पाइएको छ । विदेशमा हुँदा गुनासो गर्ने धेरैजसो कामदारहरू कुनै पनि उपचारबिना रित्तो फर्केका छन् । दूतावासले सहयोग गर्न गरेको ढिलाइले गर्दा यस्तो भएको मत केही विज्ञ र प्रवासी कामदारहरूको छ ।

## न्यायमा पहुँच सम्बन्धमा विदेशमा प्रवासी कामदारहरू–लाई दिइने सहयोगमा सुधारका लागि निष्कर्ष र सिफारिसहरू

विदेशमा रहेका प्रवासी कामदारहरूलाई नेपाली दूतावास र श्रम सहचारीहरू आवश्यक सहयोगको अपरिहार्य स्रोत हुन् । दूतावासहरू मद्दत गर्ने स्रोत हुन् भन्ने चेतना ज्यादै छ र प्रवासीहरूमा दूतावासका कर्मचारीले सहयोग गर्न सक्छन् भन्ने विश्वास छ । स्पष्ट नियमावली, निर्देशिका, तालिम र स्रोतको अभावमा पनि दूतावासका केही कर्मचारी र श्रम सहचारीहरूले तदर्थ रूपमा नै भए पनि कानुनी दाबी गर्नका लागि प्रवासी कामदारलाई विभिन्न खालका सहयोग गरेका छन् ।

आफ्ना नागरिक प्रवासी कामदारहरूलाई कानुनी सहयोग गर्ने काम दूतावासका लागि सापेक्षिक रूपमा नयाँ भए तापनि विदेशमा भएका निकायहरूमा प्रवासी कामदारहरूको निर्भरता र स्वतन्त्र रूपमा न्याय खोज्न सकिने विकल्पहरूको सीमितताले गर्दा यस नीतिपत्रले नेपालको परराष्ट्र मन्त्रालयले दह्रो भूमिका खेल्नुपर्ने सिफारिस गरेको छ । यसमा नागरिक समाजका संस्थाहरू र गन्तव्य देशमा काम गरिरहेका युनियनसँग समन्वय गर्नु जरूरी छ । लेखकहरूले तल उल्लेख गरिएका सिफारिसहरू गरेका छन्ः

**प्रवासी कामदारहरूको संरक्षण र सहयोग गर्नका लागि नेपाली दूतावासको जिम्मेवारी स्पष्ट व्याख्या गर्न वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नियमावली २०६४ लाई संशोधन गर्नुपर्ने**

- दूतावासहरूलाई प्रवासी कामदारहरूको अधिकार हनन भएमा सल्लाहकार सेवा, कानुनी सहायता र गन्तव्य देशको उपचारात्मक सेवामा पहुँचका लागि स्पष्ट आदेश दिइनुपर्ने,
- नेपाली दूतावासका कर्मचारीहरू र श्रम सहचारीको काम, कर्तव्यलाई स्पष्ट गर्नुपर्ने,
- नेपाली कामदार भर्ना गर्न चाहने संस्थाहरूका लागि मापदण्ड निर्धारण गर्नुपर्ने र नेपाली कामदारहरूलाई भर्ना गर्नुअघि त्यस्ता रोजगारदाताका बारेमा श्रम सहचारीले छानबिन गर्नुपर्ने ।

**प्रवासी कामदारहरूको चासोको संरक्षण र वैदेशिक सहयोगलाई मूल प्रवाहीकरण गर्न पूरक संयन्त्र र निर्देशिकाको सिर्जना वा बलियो पार्नुपर्ने**

- गन्तव्य देशको कानुन प्रणाली तथा न्याय संयन्त्र र पहुँचको प्रक्रियालाई अध्ययन गरी दूतावासका कर्मचारी र श्रम

सहचारीका लागि देश अनुसारको निर्देशिकाको विकास गर्नुपर्ने,

- श्रम तथा रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सहयोगमा गन्तव्य देशमा प्रवासी कामदारहरूले पाउने सहयोगका बारेमा विस्तृत निर्देशिका दूतावासलाई उपलब्ध गराउने र गन्तव्य देशको नागरिक समाज संस्थाहरूको सहयोगमा न्याय र उपलब्ध उपचारमा पहुँचका लागि प्रक्रियाको विकास गर्न दूतावासहरूलाई प्रोत्साहन गर्ने,
- मुख्य गन्तव्य देशहरूसँग नयाँ द्विपक्षीय सम्झौता गर्दा विशेष गरी उपचारात्मक पहुँचका सम्बन्धमा प्रवासी कामदारहरूको मुख्य अधिकारलाई समावेश गर्ने,
- क्षेत्रीय अधिकार र संरक्षणमुखी मापदण्डको विकास गर्न सार्क देशहरूसँग काम गर्ने ।

**वैदेशिक रोजगार विभाग, दूतावास, प्रहरी, अन्य सम्बन्धित सरकारी निकायहरू र नागरिक समाज संस्थाहरूसँग बाँडचुड गर्नका लागि तथ्यांक संकलन र विश्लेषण गर्न नेपाली दूतावासहरूलाई प्रोत्साहन गर्ने**

- नेपाली दूतावासहरूबाट गन्तव्य देशका रोजगारदाताहरू विरुद्ध गरिएका गुनासाहरू, दिइएका सेवाहरू र नतिजाहरूको तथ्यांकलाई संकलन र केन्द्रीकरण गर्ने,
- निश्चित संस्थाहरू र रोजगारदाताका विरुद्ध परेका उजुरीलाई पहिल्याउन अन्तरसंस्था तथ्यांक पहिचान गर्ने प्रणालीको विकास गर्ने र यसलाई वैदेशिक रोजगार विभागले रोजगारदाता/रोजगारदाता संस्थाहरूले कामदार माग गर्दा स्वीकृति दिने/नदिने आधार बनाउने । यस्तो तथ्यांकमा प्रवासी कामदारलाई विदेशमा भएको हानिका बारे नेपालमा दाबी गरेको जानकारीहरू वैदेशिक रोजगार विभागको गुनासो अनुसन्धान प्रक्रियाबाट प्राप्त गरी समावेश गर्ने ।

**दूतावासका अधिकारीहरू र श्रम सहचारीहरूको क्षमता अभिवृद्धि गर्ने**

- प्रवासी कामदारहरूका लागि गन्तव्य देशमा भएका वा नयाँ हटलाइनको निःशुल्क व्यवस्था गरी गुनासा सूचना सेवाको स्थापना गर्ने । यस्ता सेवाहरू, कामदारलाई नेपालमा भएका सेवा र उपचारात्मक संयन्त्रका बारे समग्रमा जोड्ने र त्यति नै बेला गुनासाहरूको संकलन र अनुगमन गर्ने,
- प्रवासी कामदारहरूको अधिकार र उपचारात्मक विकल्पहरूका बारे कूटनीतिक नियोगका कर्मचारीहरूलाई उनीहरूको पदस्थापनपूर्व देश अनुसारको सघन तालिम दिने,
- खाडी मुलुक वा अन्य कामदार माग गरेका देशहरूमा जाने दूतावासका कर्मचारीहरू र श्रम सहचारीहरूलाई दिइने तालिम र अभिमुखीकरणमा प्रवासी कामदारहरूको अधिकार र संरक्षणका बारे नियमित कक्षा चलाउने,
- महिला प्रवासी कामदारहरूको अधिकार र स्वदेशमा वा विदेशमा न्यायमा पहुँचका लागि आइपर्ने बाधाहरूका बारेमा विशिष्ट खालका लैंगिक संवेदनशील तालिम उपलब्ध गराउने,

**न्यायमा पहुँच सम्बन्धमा प्रवासी कामदारलाई दिइने सहयोगका लागि दूतावासको स्रोत र साझेदारीमा सुधार गर्ने**

- दुःख पाएका प्रवासी कामदारहरूलाई सहयोग गर्न मध्यपूर्वमा रहेका दूतावासहरूमा श्रम सहचारीको संख्या बढाउनुका साथै महिला कामदारहरू भएका देशहरूमा महिला श्रम सहचारीको व्यवस्था गर्ने र दूतावासहरूको स्रोत वृद्धि गर्ने,
- अन्तरदेशीय मुद्दाहरूको व्यवस्थापन गर्दा दूतावास, परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबीच समन्वयमा वृद्धि गर्ने,
- गन्तव्य देशमा रहेका प्रवासी कामदारहरूलाई दिइने सेवामा वृद्धि गर्न नागरिक समाज समूहले उपलब्ध गराएका अन्तरदेशीय नमुना सहयोग निर्माण गर्ने ।

**विदेशमा रहँदा प्रवासी कामदारहरूका लागि उपलब्ध सहयोग सेवा र उपचारात्मक संयन्त्रका बारेका चेतनामा सुधार गर्ने**

- प्रवासी कामदारहरूका लागि विदेशमा हुँदा उपलब्ध सहयोग सेवाका बारे कामदार र उसको परिवारमा चेतना बढाउने,
- क्षतिपूर्ति दाबी गर्न र नेपालमा उपलब्ध अन्य उपचारात्मक संयन्त्रका बारे प्रवासी कामदारहरूलाई जानकारी दिने खालका सामग्रीहरूको विकास दूतावासमा गर्ने र गन्तव्य देशमा जानुअघि उनीहरूलाई चाहिने सामग्रीहरूबारे पनि जानकारी दिने ।

Centre for the Study of Labour and Mobility

**सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी**

सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी (सेस्लम), सोशल साइन्स बहाः, काठमाडौं अन्तर्गत स्थापित अनुसन्धान केन्द्र हो । यसका प्रारम्भिक उद्देश्यहरू निम्न छन्: अनुसन्धानका माध्यमद्वारा श्रम र गतिशीलता सम्बन्धमा व्यापक सैद्धान्तिक तथा नयाँ अवधारणा स्थापित गराउने; नीति सान्दर्भिक र भरपर्दो अनुसन्धानका माध्यमद्वारा श्रमजीविलाई असर पार्ने महत्त्वपूर्ण नीतिगत विषयमा वैकल्पिक नीति तयार गर्ने; श्रम र प्रवासीकरणका प्रभाव सम्बन्धमा तथा प्रवासी कामदारहरूको हक, अधिकार र दायित्व सम्बन्धमा समग्र रूपमा मानिसहरूको बुझाइमा सुधार ल्याउने; श्रम, गतिशीलताबारेमा प्राज्ञिक, नीतिगत तथा सार्वजनिक बहसका लागि मञ्च तयार गर्ने ।

**सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी** (CESLAM)
सोशल साइन्स बहाः, ३४५ रामचन्द्र मार्ग, बत्तीसपुतली, काठमाडौं - ९, नेपाल
फोन नं. ९७७-१-४४७२८०७ • info@ceslam.org • www.ceslam.org
पो.ब.नं. २५३३४, काठमाडौं, नेपाल

यो प्रकाशन ओपन सोसाइटी फाउन्डेसन्स्, न्युयोर्कको सहयोगमा गरिएको हो ।